Australian Government

NATIONAL BOWEL CANCER SCREENING PROGRAM

# सामान्य आन्द्राको परीक्षणले तपाईंको जीवन सुरक्षित गर्दछ ।

**५०–७४ वर्ष सम्मका लागि हुलाक मार्फत पठाईएको घर परीक्षण सामाग्री निःशुल्क पाइन्छ, यसलाई सरल तरिकाबाट प्रयोग गर्न र आन्द्रामा हुने अर्बुध रोगको प्रारम्भिक लक्षण पत्ता लगाउन सकिन्छ ।**

**सामान्य परीक्षणले तपाईंको जीवन बचाउन सक्छ । तपाईले सोचेको भन्दा यो सजिलो छ – १० लाख अष्ट्रेलियालीले हरेक वर्ष जाँच गर्ने गर्दछन् ।**

तपाईंको आन्द्रामा हुने अर्बुध रोग बढ्ने जोखिम ५० बर्षदेखि बढि हुन्छ र कहिलेकाहीं लक्षणहरू देखिदैनन् ।

त्यसैले ५० देखि ७४ वर्षका वृद्ध उमेरहरुको घरमा प्रारम्भिक परीक्षण गर्नको लागि हुलाक मार्फत पठाइनेछ । यो परीक्षणमा तपाईंको दिसामा रगतको सानो मात्राको जाँच गरिन्छ र यसले रोगको शुरुआती संकेत पत्ता लगाउन सक्दछ ।

त्यसैले तपाईंको दिसाको शक्तिलाई कम नठान्नुहोस्, यसले तपाईंको जीवन बचाउन सक्दछ ।

## परीक्षण किन गर्ने?

अष्ट्रेलियामा आन्द्रामा हुने अर्बुध रोगको दर विश्वकै उच्चतम रहेको छ – प्रत्येक वर्ष लगभग १७,००० मानिसहरूमा आन्द्रामा हुने अर्बुध रोग हुने गर्दछ ।

सामान्य परीक्षणले तपाईंको लामो, स्वस्थ जीवनको मौका सुधार्न सक्दछ । यो छिटो, सफा र सजिलो छ यसमा दिसाको दुई साना नमूनाहरु संकलन गर्नहोस्, तिनीहरूलाई पोस्ट गर्नुहोस् र तपाईको कार्य सकियो ।

## कसले परीक्षण गर्नु पर्दछ ?

पुरुष र महिला दुवै आन्द्रामा हुने अर्बुध रोगको जोखिममा पर्दछन् । प्रारम्भिक र नियमित रूपमा परीक्षण गर्नाले तपाईंको जोखिम कम गर्न सकिनेछ ।

चिकित्सकहरूको सिफारिस अनुसार ५०–७४ वर्षको उमेरकाहरुमा कुनै पनि लक्षण नदेखिएता पनि प्रत्येक दुई वर्षमा आन्द्राको परिवर्तनहरू पत्ता लगाउन मद्दत गरी उनीहरुको उपचार गर्न सजिलो हुन्छ ।

आन्द्रामा हुने अर्बुध रोगले वृद्ध मानिसहरूलाई मात्र असर पार्दैन – ५० वर्षदेखि माथि तपाईमा आन्द्रामा हुने अर्बुध रोगका खतरा बढ्दै जान्छ ।

## परीक्षणले के के हेरिन्छ?

तपाईंको दिसामा रगतको सानो मात्राको परीक्षण जाँच गर्दछ । आन्द्रामा हुने अर्बुध रोग वा पोलिप्स (सानो गाँठा) आन्द्राको तहमा बढ्न सक्छ । यसको वृद्धिबाट रगतको सानो मात्राको चुहावट हुनसक्छ र दिसामा देखिन सकिन्छ । सबै पोलिप्सहरू अर्बुध रोगमा परिणत हुदैन । पोलिप्सहरु हटाउँदा तपाईंको आन्द्रामा हुने अर्बुध रोगको खतरा कम हुन्छ ।

## लक्षणहरु

आन्द्रामा हुने अर्बुध रोग बिना कुनै लक्षणहरू नै विकास हुन सक्दछ । त्यसैले प्रत्येक दुई वर्षमा निःशुल्क परीक्षण गर्न महत्त्वपूर्ण छ । लक्षणहरू समावेश गर्न सकिन्छः

- तपाईंको दिसामा वा शौचालय कचौरामा रगत देखिएमा
- तपाईंको शौचालयको आदतमा भर्खरै र निरन्तर परिवर्तन जस्तै पखला, कडा कब्जियत र / वा यदि तपाईंलाई सामान्य भन्दा बढी दिसा भयो भने
- अस्पष्ट थकान वा तौल घट्नु
- पेट दुखाई ।

यदि तपाइँ यी कुनै लक्षणहरू देख्नुहुन्छ भने, त्यसको मतलब हैन कि तपाईंलाई आन्द्रामा हुने अर्बुध रोग भएको छ, तर यो धेरै महत्त्वपूर्ण छ कि तपाई जति सक्दो चाँडै नै तपाईंको चिकित्सकसँग कुरा गर्नहोस् ।

आन्द्रामा हुने अर्बुध रोगले ५० भन्दा कम व्यक्तिलाई असर गर्न सक्छ, त्यसैले यो निश्चित गर्नहोस् कि तपाईंको सबै परिवारका सदस्यहरू र साथीहरूले यी लक्षणहरूको बारेमा थाहा रहोस् र उनीहरू यदि उनीहरूको चिन्तित छन् भने चिकित्सकसँग कुरा गर्न लगाउनुहोस् ।

**www.cancerscreening.gov.au**

## थप जानकारी

**यदि तपाई ५०–७४ वर्ष उमेरको हुनुहुन्छ भने तपाईंको सामाग्री हुलाक मार्फत प्राप्त गर्नुहोस् ।**

**कार्यक्रमको बारेमा थप जानकारीको लागि र तपाइँको सामाग्री कहिले प्राप्त गर्ने थाहा पाउन www.cancerscreening.gov.au मा जानुहोस् वा १८०० ११८ ८६८ मा फोन गर्नहोस् ।**

Interpreter

**तपाईंको भाषामा जानकारीको लागि,**
अनुवादन तथा दोभाषिक सेवाः १३ ४ ५० फोन वा
www.cancerscreening.gov.au/translations
मा जानुहोस्

**परीक्षण गर्नुहोस् । तपाईंले आफ्नो हितमा पाउनुहुन्छ ।**



**९०%**

**आन्द्रामा हुने अर्बुध रोग शुरुवातमै थाहा भएमा सफलतापूर्वक उपचार गर्न सकिन्छ ।**